मानवअधिकारपत्र
Human Rights Post
NHRC Monthly Newsletter Vol. 1 Issue 12 Mar.-Apr. 2009
वर्ष १, अङ्क १२ राष्ट्रिय मानवअधिकार आयोगको मासिक बुलेटिन २०६५ चैत

# आयोग र ओएचसिएचआरबीच सहकार्यसम्बन्धी मार्गनिर्देशनमा हस्ताक्षर

राष्ट्रिय मानवअधिकार आयोग नेपाल र संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको नेपाल कार्यालय (ओएचसिएचआर नेपाल) ले फागुन ९ गते दुई संस्थाहरूबीचको सहकार्यसम्बन्धी मार्गनिर्देशनमा हस्ताक्षर गरेका छन् । यो दस्तावेजमा आयोगका तर्फबाट सचिव विशाल खनाल र ओएचसिएचआरका तर्फबाट रिचार्ड बेनेटले हस्ताक्षर गर्नुभयो ।

हस्ताक्षर कार्यक्रममा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले भन्नुभयो, 'आयोग, ओएचसिएचआर र नागरिक समाजबीचको सहकार्यले नेपालमा मानवअधिकारको अवस्था सुदृढ गर्न मद्दत गर्नेछ । यो ओएचसिएचआर र आयोगबीच भइरहेको सुसम्बन्धको निरन्तरता हो ।' कार्यक्रममा आयोगका सदस्य गौरी प्रधानले *सहकार्यसम्बन्धी मार्गनिर्देशन* पढेर सुनाउनु भयो ।

यो मार्गनिर्देशनले आयोग र ओएचसिएचआर-नेपालबीचको निरन्तर र उच्च सहकार्यका लागि प्रारूप तयार पारेको छ । मानवअधिकार संरक्षण र प्रवर्द्धनका लागि नेपालको अन्तरिम संविधानमा संवैधानिक निकायका रूपमा आयोगको भूमिका उल्लेख गरिएको छ भने नेपाल सरकारसँगको सम्झौतामा ओएचसिएचआर-नेपालको कार्यादेश उल्लेख छ । विभिन्न सीप, ज्ञान र अनुभवहरूमा आधारित भएर यो मार्गनिर्देशनले नेपालको मानवअधिकार सुदृढ पार्न आयोग र उच्चायुक्तको कार्यालय-नेपालबीचको सहयोगी सम्बन्धलाई थप सुदृढ पार्नेछ । आपसी सहकार्यका मुख्य क्षेत्रहरूमा सूचनामूलक तथा शैक्षिक सामग्रीहरूको प्रचारप्रसार गर्ने साथै सभासद्, सरकार, कानुन कार्यान्वयन अधिकारी, नागरिक समाजका सदस्य, मानवअधिकार रक्षक र आयोगका कर्मचारीहरूलाई तालिम-गोष्ठीको आयोजना गर्ने लगायतका गतिविधिहरू यी संस्थाहरूले संयुक्त रूपमा गर्नेछन् । यो दस्तावेजमा मानवअधिकारको उद्देश्य प्राप्तिका लागि आयोग र उच्चायुक्तको कार्यालय-नेपाल दुवैले नागरिक समाजको निकटमा रहेर सक्रिय रूपमा कार्यहरू गर्ने उल्लेख छ ।

ओएचसिएचआर नेपालले आफ्नो कार्यादेशमा भएअनुसार नेपालको मानवअधिकार अवस्थाको नियमित अनुगमन गर्नेछ र विगत चार वर्षमा आफूले अनुसन्धान गर्दै आएका घटनाहरूको अनुगमन गर्नेछ । तर, मानवअधिकार उल्लङ्घनसम्बन्धी नयाँ उजुरीहरूलाई आयोगमा पठाउने छ । मानवअधिकार प्रवर्द्धन र संरक्षण गर्दै दण्डहीनताको अन्त्य गर्न यी दुई संस्थाहरूले राष्ट्रिय र क्षेत्रीय स्तरमा आपसी सहकार्यका लागि नियमित रूपमा बैठक र छलफलहरू गर्नेछन् । कार्यक्रममा आयोगका सदस्यहरू रामनगीना सिंह, डा. लीला पाठक, ओएचसिएचआरका उपप्रमुख ज्योती साङ्घेरा, विभागीय प्रमुखहरू, सञ्चारकर्मी लगायतको उपस्थिति थियो ।



हस्ताक्षरपछि आयोगका अध्यक्ष उपाध्याय र ओएचसिएचआर नेपालका प्रमुख बेनेट

## संविधान सुझाव सङ्कलन प्रक्रियाको अनुगमन

नेपालगञ्ज/ आयोगको मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयले बाँके जिल्लाको उदयपुरमा संविधानसभाको संविधान सुझाव सङ्कलन टोलीको अनुगमन गरेको छ । उदयपुरको नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा तीन गाविसलाई लक्षित गरी गरिएको रायसुझाव सङ्कलन गरेका कार्यमा गरिब, दलित लगायत सीमान्तीकृत समुदाय तथा लोपोन्मुख मधेसी महिलाहरूको उल्लेख्य उपस्थिति थियो । सभासदहरूको टोलीले सुझाव दिन आएकाहरूलाई संविधान निर्माण सम्बन्धी कुरा गर्न आग्रह गरे पनि सहभागीहरूले आफ्नो घरमा धारा नभएको, बाटो, पुल नभएकाले बाल बच्चा बर्खा समयमा पढ्न जान नसकेको कुरा राखेका थिए । उनीहरूले सुझाव सङ्कलन गर्न आउँदाको बाटो खर्च र खाजा भत्ता उपलब्ध गराउन समेत माग गरेका थिए । राय सङ्कलन टोलीका प्रमुख तिलक परियारले प्रश्नावली भरेर गाविस सचिव मार्फत् जिल्ला हुँदै काठमाडौं पठाइने जनाउनु भयो । अनुगमनका क्रममा आयोगको टोलीले सुझाव सङ्कलन कार्यलाई संविधान निर्माणकै लागि केन्द्रित गरिनु पर्ने, प्रश्नावली भराउनुपूर्व स्थानीय भाषामा सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्ने तथा सुझाव सङ्कलनको समयावधि लम्ब्याउनु पर्ने लगायतका सुझावहरू दिएको थियो ।

## यसभित्र


१. महिला हिंसा विरुद्ध अन्तरसंवाद कार्यक्रम २
२. फागुन महिनाको मानवअधिकार अवस्था ३
३. थरुहट आन्दोलनमा आयोगको अनुगमन ... ६
४. मानवअधिकार कार्यशाला सम्पन्न ६
५. जुम्लाको मानवअधिकार अवस्था ७
६. शिक्षाको हक र पाठ्यपुस्तक आपूर्तिबारे छलफल ७
७. नयाँ संविधानमा ज्येष्ठ नागरिकका सवाल ८
८. राउटे जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाको अनुगमन ९
९. बेलायती संसदीय टोली आयोग भ्रमणमा १०
१०. आयोगमा माघ महिनामा परेका उजुरीहरू ११

## राष्ट्रिय मानवअधिकार आयोग

केन्द्रीय कार्यालय, ललितपुर

**आयोगका पदाधिकारीहरू**

अध्यक्ष : केदारनाथ उपाध्यय
सदस्य : रामनगीना सिंह
सदस्य : गौरी प्रधान
सदस्य : डा. लीला पाठक
सदस्य : डा. के.बी. रोकाया
सचिव : विशाल खनाल


मासिक सन्दर्भ

# आयोगको आह्वान, मानवअधिकारमैत्री संविधान

नेपालमा संविधान निर्माणको करिब ६ दशकको इतिहासमा छओटा संविधान निर्माण भएका छन् । तर सबै संविधानहरू अल्पकालीन भएका र तिनले जनचाहनालाई प्रतिविम्बित गर्न सक्ने किसिमका थिएनन् । यसर्थ, अब बन्ने संविधान जनचाहनालाई प्रतिविम्वित गर्न सक्ने, सुशासनलाई प्राथमिकता दिने, महिला, जनजाती, आदिवासी, दलित, मधेसी, दुर्गम क्षेत्र र विपन्न समुदाय लगायत सीमान्तीकृत समुदायका मानिसको आकांक्षालाई समेट्ने किसिमको हुनु पर्दछ ।

कुनै पनि देशको संविधानले मानवअधिकारका सिद्धान्त र मूल्य मान्यतालाई पूर्ण रूपमा आत्मसात् गर्दै मानवअधिकार तथा मौलिक स्वतन्त्रताको प्रत्याभूति गर्दछ भने त्यस्तो संविधानलाई मानवअधिकारमैत्री संविधान भन्न सकिन्छ । मानवअधिकारमैत्री संविधानले लोकतन्त्र र विधिको शासनका आधारभूत मान्यतालाई पूर्णतः अङ्गिकार गरेको हुन्छ । यस्तो संविधान निर्माण गर्दा यसमा प्रयोग गरिने भाषाशैली र शब्द चयन समेतमा विशेष ध्यान दिनु पर्दछ । कुनै पनि जातजाति, भाषा, धर्म, वर्ण, लिङ्ग, उत्पति, वैचारिक आस्था, सामाजिक हैसियत, सम्पत्ति, शारीरिक सक्षमता वा अन्य कुनै पनि कुराको आधारमा कसै उपर भेदभाव देखिने किसिमको हुनु हुँदैन ।

राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो तीनवर्षे अन्तरिम रणनीतिक योजना, २००८-२०१० मा मानवअधिकारमैत्री संविधान निर्माणलाई प्राथमिकता दिएको छ । यसको मतलब अब बन्ने संविधान सम्पूर्ण हिसाबले मानवअधिकारमैत्री हुनुपर्छ भन्ने हो । त्यसका लागि मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरूको न्युनतम सर्तहरू, खासगरी नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी दस्तावेजमा उल्लेख गरिएका प्रावधानहरूको पालना हुनसक्ने गरी संविधान निर्माण गरिनु पर्दछ । नयाँ बन्ने संविधानमा आयोगको संवैधानिक हैसियतलाई कायमै राख्न पहल गर्ने, संविधानसभा र मानवअधिकार विषयसँग सम्बन्धित सूचना, शिक्षा र सञ्चारका सामग्री प्रकाशन तथा प्रचारप्रसार गर्ने, मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डअनुरूप नयाँ संविधान निर्माणका लागि अध्ययन, पुनरावलोकन तथा सहकार्य गर्ने जस्ता कुराहरू समावेश छन् ।

यसका अतिरिक्त आर्थिक रूपमा विपन्न समुदाय, दलित, जनजाति, आदिवासी, महिला लगायत सीमान्तीकृत समुदायको हित प्रतिविम्बित हुने गरी समावेशी बनाउने, ज्येष्ठ नागरिक, तेस्रो लिङ्गी, बालबालिका, युवा लगायतका समूहहरूको चाहना र आवश्यकतालाई सम्बोधन गर्ने किसिमको व्यवस्था गरिनु पर्दछ । त्यसैगरी, संविधानले सुनिश्चित गरेका नागरिक अधिकारहरू प्राप्त गर्ने वातावरण सुनिश्चित गर्न पर्याप्त प्रावधानहरू राखी राजनीतिक सहमतिको दस्तावेज मात्र हुने अवस्था आउन नदिनु पनि मानवअधिकारमैत्री संविधानको सूचक हो ।

संविधानसभा निर्वाचन सम्पन्न भएको एक वर्ष पुग्दैछ यो महिना । संविधान निर्माणका लागि करिब २ वर्ष ६ महिनाको समयावधि छुट्याइएको थियो । त्यो समय अब डेढ वर्षमात्र बाँकी छ । संविधान नागरिकका मानवअधिकार प्रत्याभूत गर्न सक्षम हुनुपर्दछ, जसले गर्दा दण्डहीनताको अन्त्य गर्दै लोकतन्त्र र विधिको शासनलाई सुनिश्चित गर्न सक्छ । यसका लागि सबै पक्षको पहल ज्यादै महत्वपूर्ण छ ।

# महिला हिंसा विरुद्ध अन्तरसंवाद कार्यक्रम




पोखरा/ आयोगको पश्चिमाञ्चल कार्यालयले 'महिलाविरुद्धका हिंसा अन्त्य गर्न महिला पुरुष जुटौं' भन्ने नाराका साथ ९९औं अन्तर्राष्ट्रिय महिला दिवस (८ मार्च) सम्पन्न गरेको छ । यस उपलक्ष्यमा आयोगको पश्चिमाञ्चल क्षेत्रीय कार्यालय र रेडियो बाराही ९९.२ मेगाहर्जले संयुक्त रूपमा अन्तरसंवाद कार्यक्रमको आयोजना गरेका थिए । कार्यक्रममा एडभोकेसी फोरमका कानुन अधिकृत सरला पाण्डेले अवधारणा पत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमको प्रमुख अतिथिका रूपमा पुनरावेदन अदालत पोखराका का.मु. मुख्य न्यायाधीश गोपाल पराजुलीले पुरुषको सहभागिता र सहयोग बिना महिला हिंसा अन्त्य सम्भव नहुने भन्दै महिला हिंसाको रोकथाम दुवैको सक्रिय सहभागिताबाट मात्र सम्भव रहेको बताउनु भयो । कार्यक्रममा विशेष अतिथिको रूपमा सभासद् राधेश्याम अधिकारी, दुर्गा विक, पूर्वराज्यमन्त्री एवम् नेकपा (एमाले) का तुलबहादुर गुरुङ र पूर्वसभामुख तारानाथ रानाभाट हुनुहुन्थ्यो । कार्यक्रममा मानवअधिकारको क्षेत्रमा क्रियाशील विभिन्न सङ्घसंस्थाका महिला अधिकारकर्मीहरू, राजनीतिक दलका महिला नेतृहरू, सरकारी तथा सुरक्षा निकायका प्रतिनिधि, सञ्चारकर्मी, प्राध्यापक, जातीय सङ्घसंस्थाहरूका कार्यकर्ता, कानुन व्यवसायी लगायत ८० जनाको सहभागिता थियो ।

# अन्तर्राष्ट्रिय नारी दिवस सम्पन्न

विराटनगर/ आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयले ९९औं अन्तर्राष्ट्रिय नारी दिवस विभिन्न कार्यक्रम आयोजना गरी मनाएको छ । आठ मार्चको अवसर पारेर मोरङ जिल्लाको डाइनिया गाविसस्थित आदर्श माध्यमिक विद्यालयमा 'मानवअधिकार र महिला अधिकार' विषयक छलफल कार्यक्रमको आयोजना गरिएको थियो । यस कार्यक्रममा आयोगका संरक्षण अधिकृत प्रदीपकुमार झा र अर्जुनप्रसाद कोईराला तथा मानवअधिकार अधिकृत बालकृष्ण पोखेलले मानवअधिकार, महिला अधिकार तथा राष्ट्रिय मानवअधिकार आयोगका बारेमा जानकारी गराउनु भएको थियो । त्यसैगरी डाइनिया गाविसकै शारदा माध्यमिक विद्यालयको सभाहलमा सम्पन्न कार्यक्रममा मानवअधिकार, महिला अधिकार, आयोगको काम, कर्तव्य र अधिकार तथा उजुरी ग्रहण प्रक्रियाका बारेमा छलफल तथा सहजीकरण गरिएको थियो । यसक्रममा मानवअधिकारको अवधारणा, मानवअधिकारको विकासक्रम र अन्तर्राष्ट्रिय सन्धिहरू, मानवअधिकार शब्दहरू, महिला अधिकारसम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधान, मानवअधिकार र मौलिक हक लगायतका विषयमा छलफल तथा सहजीकरण भएको थियो । शारदा माध्यमिक विद्यालयका प्रधानाध्यापक जयवीर यादवले आयोगको टोलीलाई स्वागत गर्दै आयोगले मानवअधिकारसम्बन्धी सचेतना कार्यक्रम डाइनियामा आयोजना गरेकोमा खुशी प्रकट गर्नुभयो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक, शिक्षक-शिक्षिका, अन्य विद्यालयका शिक्षकहरू, स्थानीय बुद्धीजीवी तथा नागरिक समाजका सदस्यहरू, विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरू तथा सर्वसाधारण गरी ६६ जना सहभागी थिए ।

# फागुन महिना मानवअधिकार अवस्था

फागुन महिनाको मानवअधिकार अवस्था सुधारोन्मूख हुन सकेन । बम विस्फोट, चन्दा आतङ्क, हत्या, अपहरण, बन्द-हड्ताल लगायतका धेरै गतिविधि भएकाले फागुन महिना अझ बढी जोखिमपूर्ण रह्यो । अघिल्ला महिनामा जस्तै फागुन महिनामा शान्ति सुरक्षाको अवस्थामा सुधार हुन सकेन भने यो महिना विभिन्न समूहले आयोजना गरेको बन्द र हड्ताल जस्ता गतिबिधिबाट पूरै महिना आक्रान्त रहन पुग्यो । यो महिनामा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त नवनिथम पिल्लेइको नेपाल भ्रमणलाई महत्वपूर्ण घटना मान्न सकिन्छ । पूर्वी नेपालमा लिम्बुवानका कारण र तराई क्षेत्रमा विभिन्न सशस्त्र समूहहरुका कारण पैदा भएको असहज वातावरण सुधन सकेन । साथै, सत्तादेखि सडकसम्म राजनीतिक तरलताको स्थिति कायमै रह्यो । पत्रकार लगायत विभिन्न अधिकारमा काम गरिरहेका मानवअधिकारकर्मीको असुरक्षा बढेको स्थिति छ । यहाँ यो महिनाका केही प्रतिनिधि घटनाहरूको विवरण दिइएको छ ।



**नवलपरासीको रजहरमा बन्दको अनुगमन गर्दै आयोगको टोली**

### शान्तिसुरक्षा

फागुन १ गते ओखलढुङ्गा जिल्लामा अज्ञात समूहले तीनजना वाईसीएल कार्यकर्तालाई कुटपीट गऱ्यो, साथै कार्यालयमा तोडफोड गर्दै कुटपिटमा परेकामध्ये रमेश श्रेष्ठको अपहरण गऱ्यो । फागुन २ गते संयुक्त राष्ट्र सङ्घीय उच्च आयुक्तको नेपालगञ्जस्थित कार्यालयमा बम विष्फोट भयो । मानवअधिकार समुदायले यस घटनाको तीव्र निन्दा गऱ्यो । फागुन ७ गते सुनसरी जिल्लाका गाविस सचिवले सुरक्षाको माग राख्दै सदरमुकाम इनरुवामा प्रदर्शन गरे । फागुन ८ गते सर्लाही जिल्लाको बरहथवा बिहीबारे हाटमा अज्ञात समूहको गोली प्रहारबाट स्थानीय तेतरीदेवी साह (वर्ष ३५) घाईते भईन् । फागनु १० गते मधेसी जनअधिकार फोरम (मधेस) का कार्यकर्ताले महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा एउटा भारतीय नम्बरप्लेटको जीप तोडफोड गरे । फागुन १७ गते अज्ञात समूहबाट धनुषा जिल्लाको खरियानी गाविसमा बिहेमा हिंडेका जन्तीहरू माथि गोली प्रहार गरियो । फागुन १९ गते राती ८ बजे वीरगञ्जस्थित नेपाल टेलिकमको कार्यालय अगाडि बम विष्फोट भयो । यो घटनामा वीरगञ्ज नगरपालिका-११ का बब्लु गुप्ता घाइते भए । फागुन १९ गतेबाट थारु जातिसँग सम्बन्धित विभिन्न संघसंस्थाको आह्वानमा सुरु भएको अनिश्चितकालीन बन्दले तराईका जिल्लाहरूको शान्ति सुव्यवस्थामा गम्भीर असर पऱ्यो । फागुन २० गते रामेछाप जिल्लाको सदरमुकाम मन्थलीमा विद्यार्थी भर्नाको विषयलाई लिएर नेपाल विद्यार्थी संघ र अनेरास्ववियु (क्रान्तिकारी) बीच भएको झडपमा ११ विद्यार्थीहरू घाईते भए । फागुन २१ गते वीरगञ्ज मिनाबजारको एक नास्ता पसलमा विष्फोट हुँदा चार व्यक्ति घाइते हुन पुगे । फागुन २७ गते साँझ ८ बजे वीरगञ्जको रजत चोकमा मधेसी मुक्ति टाईगरले विष्फोट गराएको भनिएको घटनामा स्थानीय भुटानी महतो घाइते भए । काभ्रे जिल्लाको रयाले गाविस-२ मा स्थानीयवासीको खेतवारीमा १८ ईन्च लामो र ६ ईन्च चौडा बेवारिसे पाईप बम भेटिँदा स्थानीयवासी त्रसित भए । किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले फागुन ७ गते भोजपुर जिल्लाको चरम्बी-३ का प्रेम राईलाई रु. ५० हजार चन्दा माग गरे र सो रकम नदिएमा भौतिक कारबाही गर्ने धम्की दिए । धनुषा जिल्ला वेगाशिवपुरस्थित छिन्नमस्ता डिष्ट्रिलरीमा राति दस बजे दुईओटा प्रेसर कुकर बम विष्फोट भए । यो घटनामा मानवीय क्षति नभएपनि करौडौं रुपियाको भौतिक क्षति भएको पाइयो । कैलाली र कञ्चनपुर जिल्लामा सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापना हुनुपर्ने माग राख्दै यो महिना विभिन्न प्रदर्शनहरू भए । यस क्रममा फागुन २० र २१ गते कञ्चनपुरको भीमदत्तनगर (महेन्द्रनगर) मा आन्दोलन नियन्त्रणबाहिर गएपछि सुरक्षाकर्मीले अन्दाधुन्द लाठी चार्ज र अश्रुग्यास प्रहार गरे । अर्कातिर, प्रदर्शनकारीहरूले सरकारी र निजी भवन र अन्य सार्वजनिक सम्पतिमाथि ढुङ्गामुढा र तोडफोड गरे ।

### अपहरण र बेपत्ता

सशस्त्र द्वन्द्वको अवधिमा बेपत्ता पारिएको भनिएकी एक युवती पाँच वर्षपछि घर फर्केको समाचारलाई यो महिमा विभिन्न पत्रपत्रिकाहरूले प्राथमिकताका साथ प्रकाशित गरे । डडेलधुरा जिल्ला अमरगढी गाविस-६ बस्ने आशा ताम्राकार (वर्ष २१) ५ वर्षपछि आफ्नो घर फर्किएकी हुन् । २०६० सालमा तत्कालीन नेकपा (माओवादी) बाट सञ्चालित युद्धमा संलग्न ती युवतीलाई माओवादीभित्रै कुटपीट र दुर्व्यवहार भएकाले शिविरबाट भागेर काठमाडौं पुगेकी थिइन् । त्यहाँ उनी घरेलु मजदुरको रूपमा काम गर्थिन् । बहुप्रतिक्षित बेपत्ता छानबिन अयोग स्थापनाका लागि नेपाल सरकारले यसै महिनामा तीन सदस्यीय सिफारिस समिति गठन गर्ने निर्णय गऱ्यो । सरकारको निर्णय बमोजिम उक्त समिति संविधानसभा अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिका सभापति पदमलाल विश्वकर्माको संयोजकत्वमा बनाउने निर्णय भएको छ । सशस्त्र द्वन्द्वको अवधिमा बेपत्ता पारी मैना सुनुवारको हत्यामा दोषी पाइएका सुरक्षाकर्मी समेतलाई कारबाही गरी दण्डहीनताको अन्त्य गर्नुपर्ने माग राखी नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय, एम्नेस्टी इन्टरनेशनल, कोक्याप, जवाफदेहीता निगरानी समिति तथा एड्भोकेसी फोरमले ६ गते खुल्ला मञ्चमा एक कार्यक्रम गरी प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाए । अज्ञात समूहले धनुषा जिल्लास्थित कुम्हरौडा माविका प्रधानाध्यापकलाई फागुन ११ गते विद्यालयबाटै अपहरण गरे । फागुन २५ गतेदेखि संखुवासभा जिल्ला मावादिनका निर्मला दर्जी (वर्ष २०) बेपत्ता छिन् । उनको स्थिति अझै अज्ञात छ ।

### जीवनको अधिकार

सन् २००८ मा राज्यपक्षबाट ५० जना र अन्य विभिन्न पक्षबाट ४९१ गरी जम्मा ५४१ जनाको हत्या भएको तथ्याङ्क अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले जनाएको छ । फागुन ७ गते मानवअधिकार वर्ष पुस्तक २००९ सार्वजनिक गर्दै इन्सेकले शान्तिसम्झौताको दोस्रो वर्षमा जीवनको अधिकार हनन हुने उल्लेख्य घटना भएको जनाएको हो । धनुषा जिल्लास्थित जनकपुर चुरोट कारखानामा सुपरभाईजर पदमा काम गर्ने नरेन्द्र खातीलाई फागुन ५ गते जतमुमो (ज्वालासिंह) का कार्यकर्ताले गोली प्रहार गरी हत्या गरे । थारु कल्याणकारिणी सभा र थारु संयुक्त संघर्ष समितिले आयोजना गरेको तराई बन्द खुलाउने क्रममा फागुन २२ गते प्रहरीको गोली लागि बछ्यौली गाविस-३ का कमल चौधरी र शक्तिखोर गाविस-५ निवासी विपिन खड्काको मृत्यु भयो । यही आन्दोलनका क्रममा फागुन २३ गते प्रदर्शनकारीको आक्रमणमा परी चितवनको सौराहाचोक नजिक सशस्त्र प्रहरी बलका

कुमार बुढाथोकीको मृत्यु भयो । महोत्तरी जिल्लाका डामीमडै गाविस-९ मा फागुन २४ गते आफैंले साथमा लिएर बोकेर लैजाँदै गरेको बम विस्फोटबाट तराई राष्ट्रिय मुक्ति सेनाका केन्द्रीय सैन्य कमान्डर रामवरण साह र धनुषा सैन्य कमान्डर विनोद पासवानको घटनास्थलमा नै मृत्यु भएको छ ।

**सञ्चार स्वतन्त्रता**

सुनसरीको धरानबाट प्रकाशित हुने औजार दैनिकका प्रधानसम्पादक भीम राईलाई सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताले भौतिक कारबाही गर्ने धम्की दिएका छन् । फागुन ८ गते अज्ञात समूहको गोली प्रहारबाट विरगञ्जका पत्रकार ज्ञानेन्द्रराज मिश्र घाइते भए । त्यस्तै फागुन २१ मा तरवारसहित आएका दुई व्यक्तिले धरान साप्ताहिकका सम्पादक मनिराज भट्टराईलाई पत्रिकाको कार्यालयमै आक्रमण गरी घाईते बनाए । 'स्वतन्त्र पत्रकारिताका लागि सुरक्षाको



**चितवनको पुल्चोकमा बन्दको अनुगमन गर्दै आयोग प्रतिनिधि**

ग्यारेन्टी गर' भनी पत्रकारहरूले महोत्तरी जिल्लाको जलेश्वरमा फागुन ३० गते बृहत् ऱ्याली प्रदर्शन गरे । यो महिनामा लगातारको बन्दले प्रकाशन सामग्रीको अभाव भएकाले कतिपय पत्रपत्रिका प्रकाशित हुन सकेनन् ।

**आवागमनको अधिकार**

फागुन महिनामा स्वतन्त्रतापूर्वक आवागमन गर्न पाउने अधिकारको व्यापक हनन भएको पाइयो । खासगरी मधेसी जनअधिकार फोरम, तराई जनतान्त्रिक मुक्ति मोर्चा, थारु कल्याणकारिणी सभा, थारु संयुक्त संघर्ष समिति, विद्यार्थी संगठनहरू, बाढीपीडित लगायतको आह्वानमा भएको बन्दले तराई, आसपासका क्षेत्र र तराईको मार्ग भएर आवतजावत गर्ने लाखौं यात्रीको आवागमनमा अवरोध सिर्जना गऱ्यो । पल्लो किराँत राष्ट्रिय मञ्चले फागुन १ गते सरकारसँग भएको सहमति पालना नगरिएको भन्दै मेची राजमार्ग बन्द गऱ्यो । आफ्नो समूहको विद्यार्थी पिटिएको विरोधमा मधेसी जनअधिकार फोरमले फागुन १ र २ मा विराटनगर बन्द गऱ्यो । भूमिहीन सुकुम्बासीले फागुन ४ गते सुनसरीको ईटहरी र सुरक्षाको माग गर्दै फागुन ५ गते स्थानीय व्यक्तिले फिदिमबजार बन्द गरे । ईलाम जिल्लाको फिक्कलमा सेवा केन्द्र स्थापना हुनुपर्ने माग राखी स्थानीयवासीले फागुन ६ देखि ११ गतेसम्म फिक्कलबजार र मेची राजमार्ग बन्द गर्दा इलाम, पाँचथर र ताप्लेजुङको जनजीवन प्रभावित भयो । मधेसी जनअधिकार फोरमले फागुन ९ र १० गते आह्वान गरेको मधेस बन्दबाट तराईका धेरै जिल्लाहरू प्रभावित भए । सवारी भाडा विवादमा विद्यार्थीले फागुन १० देखि ३ दिनसम्म मेची राजमार्ग बन्द गरी केही सवारी साधनमा तोडफोड समेत गरे । फागुन ८ देखि १७ गतेसम्म कोशीपीडित सङ्घर्ष समितिले विभिन्न माग राख्दै सुनसरी जिल्लाको इनरुवादेखि कोशी नदीसम्म यातायात अवरुद्ध पारे । थारु जातिसँग सम्बद्ध संघसंस्थाहरूले जातीय पहिचान लगायतका माग राखी फागुन १९ गतेदेखि आह्वान गरेको अनिश्चितकालीन बन्दका कारण पूर्व मेचीदेखि पश्चिम महाकाली अञ्चलसम्मका तराईका जिल्लाहरू पूर्ण प्रभावित भए । लगातार १३ दिनसम्म चलेको यो बन्दले सर्वसाधारणहरू स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकारबाट वञ्चित भए । फागुन १५ गते धनुषाको कजरारमौल गाविसस्थित एक माध्यमिक विद्यालयका शिक्षकलाई ट्याङ्करले ठक्करदिई मृत्यु भएको विषयलाई लिएर नेपाल शिक्षक युनियनको आह्वानमा त्यस क्षेत्र र वरपरका विद्यालयहरू १० दिन भन्दा बढी समयसम्म बन्द रहे । ललितपुर चापागाउँकी मनिता श्रेष्ठ (वर्ष २०) अपहरण भएकोमा प्रहरीले सहयोग नगरेको भन्दै आफन्त र स्थानीय बासिन्दाले चापागाऊँ-लगनखेल सडक फागुन १५ गते अवरुद्ध गरे । तराई मधेस लोकतान्त्रिक पार्टीले फागुन १६ गते आयोजना गरेको तराई बन्दको कारण त्यस क्षेत्रका उद्योग कारखाना, बजार, शैक्षिक संस्था, यातायातका साधन समेत बन्द भएकाले सर्वसाधारणहरू सेवा लिनबाट वञ्चित भए । फागुन २० मा ईटहरीमा बन्दकर्ता र प्रहरीबीच झडप हुँदा ३४ जना घाईते भए । बन्दकर्ताले ३ एम्बुलेन्स, २ मोटरसाईकल र सुनसरी-मोरङ कोरिडोरका केही उद्योगमा समेत तोडफोड गरे । उनीहरूले फागुन २८ गते सुनसरी जिल्लाका विभिन्न ठाउँमा १० रात्रीबस र ४२ ट्रक र फागुन २९ गते थप आधा दर्जन सवारी साधनमा क्षति पुऱ्याए ।

**विदेशमा नेपालीको अवस्था**

अन्तर्राष्ट्रिय बजारमा देखिएको आर्थिक मन्दी तथा औपचारिक प्रक्रियाबिना नै विदेश जाने प्रचलन कायम रहेकाले विदेशमा रहेका नेपालीहरूको मानवअधिकार अवस्था सन्तोषजनक रहेको छैन । तैपनि नेपालीहरू विदेशिने क्रम जारी छ । वैदेशिक रोजगारीको लागि कुवेत पुगेकी डोल्मा शेर्पालाई त्यहाँको अदालतले दिएको मृत्युदण्डको सजायलाई आजीवन कारावासमा परिणत गरिएको जानकारी प्राप्त भएको छ । वैदेशिक रोजगारीको लागि सिंगापुर पुऱ्याईएका धरान नगरपालिका- ९ का समीर श्रेष्ठलाई विगत पाँच महिनादेखि यातना दिई अलपत्र पारेको भनी निजको परिवारले उद्धारको पहल गरिदिन आग्रह गर्दै पत्रकार सम्मेलन गरेका छन् । कामको सिलसिलामा विदेशमा नेपाली श्रमिकको मृत्यु भएमा क्षतिपूर्ति नपाइने, लाश स्वदेश ल्याउन कठिनाइ हुने लगायतका समस्यालाई नेपाल सरकारले कुटनीतिक तवरले पहल गर्न सकेको छैन ।

**बालअधिकार**

सर्वोच्च अदालतले बालसुधार गृहको व्यवस्था गर्न सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरेको छ । सिविस नामक गैरसरकारी संस्थाको सहयोगमा भक्तपुरको ठिमी नगरपालिकाले एक वर्षभित्र नगरपालिका क्षेत्रलाई बालश्रममुक्त क्षेत्र बनाउने अभियान सुरू भएको छ । सर्तकर्ता नामक संस्थाको पहलमा भारतको रक्सौल रेल स्टेसनबाट रौतहट जिल्ला जयपुरा गाविस- ६ निवासी बालकहरू तरबेज मन्सुरी, असलम आलम, कादिर मन्सुरी, लुकमान मन्सुरी र कमालुद्दिन मन्सुरीलाई यसै महिना उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । धादिङ जिल्ला मुरलीभञ्ज्याङ गाविस- ६ की हेमकुमारी लम्साल (वर्ष २६) ले अवैध सम्पर्कबाट बच्चा जन्माएको आरोप लगाई नवजात शिशुको न्वारान हुन नसकेको जानकारी आयोगले प्राप्त गरेको छ । एकीकृत नेकपा (माओवादी) ले फागुन १८ गते सिन्धुपाल्चोकको सदरमुकाम चौतारामा आयोजना गरेको आमसभाअघि निकालिएको जुलुसमा विद्यालयका बालबालिकाको प्रयोग भएको पाइएको छ । कालिकोट जिल्लाको काउले खोलामा फेला परेको बेवारिसे बम खेलाउने क्रममा विस्फोट हुँदा देवेन्द्र भारती, कमल भारती, भुवन भारती र सुलोचना भारती नामका बालबालिका घाइते भए । फागुन ११ गते सुनसरी जिल्लाको ईटहरीमा अज्ञात समूहले बालक अमिनेश आचार्य (वर्ष ११) लाई अपहरण गऱ्यो । यस घटनाको विरोधमा फागुन १२ गते ३५ सय विद्यार्थीले ईटहरीमा प्रदर्शन गरे ।

### स्वास्थ्यको अधिकार

महिला स्वास्थ्यकर्मी गाउँको स्वास्थ्य चौकीमा नबस्दा रामेछाप जिल्लाको कठजोर गाविसका गर्भवती र सुत्केरी महिलाहरू स्वास्थ सेवाबाट वञ्चित हुनु परेको छ । चिकित्सकको अभाव भएको भन्दै फागुन १९ गतेदेखि जनकपुर अस्पतालको प्रसुति सेवा बन्द भएको छ । आयोगको सम्पर्क कार्यालय जुम्लाले गरेको अनुगमन क्रममा जुम्लाको दुर्गम मानिने विराट गाविसको बुडुमा पुग्दा त्यहाँ रहेको उपस्वास्थ्य चौकी बन्द रहेको पाईयो । त्यस्तै प्रत्येक महिनाको १६ गते खोप लगाउने कार्यक्रम भए पनि केही स्वास्थ्य चौकीमा खोप लगाइएको पाइएन । यसबाट आधारभूत स्वास्थ्यको अधिकार तथा बालबालिकाको अधिकार हनन् भएको छ ।

### महिला अधिकार

यो महिना महिला हिंसाका थुप्रै घटनाहरू सार्वजनिक भए । यस महिनामा पनि घरेलु हिंसा, महिला बेचबिखन, मानव तस्करी लगायतका थुप्रै घटनाहरू भएको पाइयो । यस महिनामा धादिङ जिल्ला मुरलीभञ्ज्याङ गाविस-६ की सुत्केरी महिला हेमकुमारी लम्साल (वर्ष २६) माथि आफ्नै परिवारबाट कुटपिट हुँदा निजको पाठेघर खसेको छ । फागुन १६ गते बलहागोठ गाविस-७ निवासी सावित्री ठाकुरलाई उनका पतिले प्रहार गरी हत्या गरेका छन् । हटिया गाविस-५ घ्याम्पेकी शान्तमाया बिकले पतिको कुटपीट र दुर्व्यवहार सहन नसकी घर छोडेर हिंडेको अवस्था छ । आयोगमा प्राप्त उजुरीहरूमा महिलालाई स्वतन्त्र रूपमा आफु खुशी आफ्नो जीवन साथीको चयन गर्न पाउने अधिकारमा घरपरिवारबाट बाधा अवरोध खडा गरेको भन्ने रहेको छ ।

मानवअधिकारका लागि महिला, (एकल महिला समूह) ले यो महिनामा एक तथ्याङ्क सार्वजनिक गर्दै एकल महिलामध्ये करिब ४० प्रतिशतको उमेर २० वर्ष मुनिको भएको र उनीहरूले यौन तथा घरेलु हिंसा, आर्थिक परनिर्भरता, बेचबिखन, शिक्षा, स्वास्थ्य लगायतका समस्याहरू भोलिरहनु परेको तथ्य सार्वजनिक गरेको छ । यस संस्थाले एकल महिलाका लागि सरकारले भत्ता उपलब्ध गराउँदा राखेको ६० वर्षको उमेरको हदबन्दी हटाउन पनि माग गरेको छ ।

### जातीय विभेद र दुर्व्यवहार

यस महिनामा छुवाछुत प्रथाको अन्त्यको लागि रामेछाप जिल्लामा एक सहभोज कार्यक्रमको आयोजना भयो । एक्सन एड नेपाल र स्थानीय तामाकोशी सेवा समितिको आयोजनामा गरेको उक्त कार्यक्रमले छुवाछुत विरुद्ध जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको थियो । तर यसै महिनामा ललितपुरको लुभूमा पानीको धारो छोएको विषलाई लिएर स्थानीय दलित महिला जमुना परियार माथि स्थानीय गोपी थापाले कुटपीट गरेको जानकारी प्राप्त भएको छ । फागुन ५ गते विद्यालयमा कर्मचारी भर्ना सम्बन्धी विवादलाई लिएर कैलालीको जनसेवा माध्यमिक विद्यालयका प्रधानाध्यापक पूर्णप्रसाद बडुवाललाई नेकपा (माओवादी) का कार्यकर्ता सहित स्थानीय केही व्यक्तिले राजीनामा लेख्न लगाई मोसो दल्ने लगायतका दुर्व्यवहार गरे । फागुन १५ गते सप्तरी जिल्लाको राजविराजमा कथित उपल्लो जातिका व्यक्तिले अन्य जातिका मानिसलाई सार्वजानिक ईनारबाट पानी भिक्न प्रतिबन्द गरेका छन् । महोत्तरी जिल्लाको सोनौल गाविस-४ निवासी राकेश महतो (वर्ष १६) लाई मैकिशोर भगत लगायतका स्थानीय व्यक्तिले फागनु १८ गते मानव मलमुत्र कोच्याई दुर्व्यवहार गरेका छन् ।

### दण्डहीनता

संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त नवनिथम पिल्लइले नेपालमा दण्डहीनता यथावत रहेको बताउनु भएको छ । उच्चायुक्तको तर्फबाट गत फागुन १९ गते राष्ट्रसंघीय मानवअधिकार परिषद्मा दण्डहीनता अन्त्यका लागि नेपाल सरकारले प्रभावकारी कदम नचालेको भन्ने व्यहोराको प्रतिवेदन पेस भएको छ । फागुन १४ गते मानवअधिकारसम्बन्धी वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै अमेरीकी विदेश मन्त्रालयले नेपालमा दण्डहीनता कायमै रहेकाले मानवअधिकार संरक्षण चुनौतीपूर्ण भएको उल्लेख गरेको छ । यसै महिना मानवअधिकारकर्मीहरूको एउटा समूहले प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटी मानवअधिकार उल्लङ्घनका घटना र दण्डहीनता बढ्दै गएको भन्दै ध्यानाकर्षण गराए । यस्तै नेपाल मानवअधिकार संगठनले रक्षामन्त्रीसमक्ष ज्ञापनपत्र बुझाई मानवअधिकारको रक्षा गर्न आग्रह गऱ्यो । फागुन १० गते हेटौडामा आयोजित सत्यनिरूपण तथा मेलमिलाप आयोगसम्बन्धी छलफलमा सहभागी भएका नौ जिल्लाका द्वन्द्वपीडितहरूले फागुन महिना सम्ममा पनि आफूहरूले न्याय तथा राहत नपाएको गुनासो गरे । उनीहरूले पीडितलाई राहतको सट्टामा न्याय दिन सरकारसँग आग्रह गरे ।

### न्याय प्रशासन

मकवानपुर जिल्लाको भैंसे गाविसमा पार्टीसँग सहकार्य नगरेको भन्दै नेपाली काँग्रेसका स्थानीय कार्यकर्ताले गाविस कार्यालयमा ९ गते तालाबन्दी गरेपछि सो गाविसबाट सेवा लिनुपर्ने सेवाग्राहीहरू सेवा लिनबाट वञ्चित भए ।

## फागुन महिनामा मारिएका व्यक्तिहरूको विवरण

| क्र.सं. | मृतकको नाम | ठेगाना | घटनास्थल | घटना मिति | आरोपित पक्ष |
|---|---|---|---|---|---|
| १ | नरेन्द्र खाती | सर्वसाधारण, जनकपुर नगरपालिका-२, किशोरीनगर, धनुषा | जनकपुर, धनुषा | फागुन ५ गते | जनतान्त्रिक तराइ मुक्ति मोर्चा (ज्वाला सिंह) |
| २ | कमल चौधरी | प्रदर्शनकारी, बछ्यौली गाविस-३, चितवन | रत्ननगर नगरपालिका टाँडी सौराहाचोक, चितवन | फागुन २२ गते | नेपाल प्रहरी |
| ३ | विपिन खड्का | प्रदर्शनकारी, शक्तिखोर गाविस-५ चितवन | रत्ननगर नगरपालिका टाँडी सौराहाचोक, चितवन | फागुन २३ गते | नेपाल प्रहरी |
| ४ | कुमार बुढाथोकी | सशस्त्र प्रहरी, गढीमाई गण, भण्डारा चितवन | रत्ननगर नगरपालिका टाँडी सौराहाचोक, चितवन । | फागुन २३ गते | थारु प्रदर्शनकारी |
| ५ | रामवण साह | तराइ राष्ट्रिय मुक्ति सेनाका केन्द्रीय सैन्य कमान्डर | डामीमडै गाविस-९, महोत्तरी | फागुन २४ गते | आफैंले बोकेर हिंडेको बम विष्फोट |
| ६ | विनोद पासवान | धनुषा सैन्य कमान्डर | डामीमडै गाविस-९, महोत्तरी | फागुन २४ गते | आफैंले बोकेर हिंडेको बम विष्फोट |
| ७ | सुष्मिता लामा | सर्वसाधारण, रङ्गपुर गाविस-५, रौतहट | रङ्गपुर, रौतहट | फागुन (गते उल्लेख भएको) | अज्ञात |
| ८ | वीरेन्द्र पासवान | सर्वसाधारण, नेत्रगञ्ज गाविस-२ सर्लाही | नेत्रगञ्ज, सर्लाही | फागुन (गते उल्लेख नभएको) | अज्ञात समूह |

# थरूहट आन्दोलनमा आयोगको अनुगमन र आह्वान



ललितपुर/ थारु समुदायको हितका निम्ति कार्यरत विभिन्न संस्थाहरूले फागुन १९ गतेदेखि १३ दिनसम्म लगातार पूर्वाञ्चलदेखि सुदूरपश्चिमाञ्चलसम्म तराई बन्दको घोषणा गरे। घोषित आमहड्तालका कारण तराईलगायत विभिन्न स्थानको जनजीवन कष्टकर बन्दै गएकोमा राष्ट्रिय मानवअधिकार आयोगले एक विज्ञप्ति जारी गरी ध्यानाकर्षण भएको जनाएको थियो। आयोगको विज्ञप्तिमा भनिएको छ, 'नेपालका सबै जातजातिलाई आफ्नो स्वपहिचानको अधिकार छ। आफ्नो समुदायलाई जनजाति वा आदिवासी कुन समुदायमा राख्ने भनी निर्णय गर्ने अधिकार सम्बन्धित समुदायको आधारभूत अधिकार हो भनी आइएलओ महासन्धि १६९ को धारा १ (२) ले स्पष्ट उल्लेख गरेको छ।'

विज्ञप्तिमार्फत आयोगले अधिकारमुखी आन्दोलनका कार्यक्रमहरूलाई शान्तिपूर्ण बनाउन र सामाजिक सद्भावलाई कायमै राख्ने गरी अघि बढाउन, तथा आफ्नो मानवअधिकारका लागि सङ्घर्ष गर्दा अरुको अधिकार प्रभावित नहोस् भन्नेतर्फ ध्यान दिन आन्दोलनरत पक्षलाई आयोग आग्रह गरेको थियो। साथै, शान्तिपूर्ण आन्दोलनका कार्यक्रमहरूमाथि अधिक बल प्रयोग नगर्न नेपाल सरकारका सम्बन्धित निकायहरूलाई आयोगले आग्रह गर्‍यो।

बन्दको प्रभाव र मानवअधिकारको उल्लङ्घनका घटनाहरूको अनुगमन गर्न आयोगको केन्द्रीय तथा क्षेत्रीय कार्यालयहरूबाट विभिन्न टोलीहरू मोरङ, सुनसरी, सिरहा, सप्तरी, धनुषा, सर्लाही, महोत्तरी, बारा, पर्सा, रौतहट, नवलपरासी, कपिलवस्तु, रुपन्देही, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर लगायतका जिल्लामा अनुगमन गरिएको थियो। मध्यमाञ्चलमा पर्ने तराईका जिल्लाहरू, खासगरी चितवन, बारा, पर्सा, रौटहट र सर्लाहीमा भइरहेका प्रदर्शन, बन्द र सशस्त्र झडप तथा मृत्युका घटनाहरूका सम्बन्धमा यथार्थ जानकारी लिन र मृत्युसम्बन्धी घटनाको अनुसन्धान गर्न आयोगको केन्द्रीय कार्यालयबाट छुट्टाछुट्टै टोलीहरू त्यसतर्फ पठाइएको थियो। देशका विभिन्न भागमा भइरहेको बन्द-हड्ताल जस्ता गतिविधिले सर्वसाधारणको दैनिक जीवन कष्टकर बन्दै गएको विषयमा समेत राष्ट्रिय मानवअधिकार आयोगले नजीकबाट अनुगमन गरेको थियो।

यसैबीच, चितवनको सौराहा चोकमा भएको प्रदर्शनको क्रममा गोली लागी मृत्यु भएका कमल चौधरी र विपिन खड्का तथा प्रदर्शनकारीहरूको तर्फबाट मारिएका प्रहरी कमल बुढाथोकीको हत्याको सम्बन्धमा समेत आयोगको टोलीले अनुसन्धान सम्पन्न गरेको छ। अनुसन्धानको क्रममा आयोगको टोलीले घटनास्थलको अवलोकन निरीक्षण, प्रत्यक्षदर्शी, प्रदर्शनकारी, स्थानीय थारु समुदायका प्रतिनिधि, नेता कार्यकर्ता आदिसँग सोधपुछ तथा बयान लिएको थियो। त्यसैगरी टोलीले स्थानीय मानवअधिकारकर्मी, पत्रकार तथा नागरिक समाजका व्यक्तिहरूसँग समेत आवश्यक तथ्य सङ्कलन गरेको थियो। अनुसन्धानकै सिलसिलामा टोलीले चितवनका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बलका प्रमुखहरूसँग घटना सम्बन्धमा छलफल गरेको थियो।

*आयोगले अधिकारमुखी आन्दोलनका कार्यक्रमहरूलाई शान्तिपूर्ण बनाउन र सामाजिक सद्भावलाई कायमै राख्ने गरी अघि बढाउन, तथा आफ्नो मानवअधिकारका लागि सङ्घर्ष गर्दा अरुको अधिकार प्रभावित नहोस् भन्नेतर्फ ध्यान दिन आन्दोलनरत पक्षलाई आयोग आग्रह गरेको थियो। साथै, शान्तिपूर्ण आन्दोलनका कार्यक्रमहरूमाथि अधिक बल प्रयोग नगर्न नेपाल सरकारका सम्बन्धित निकायहरूलाई आयोगले आग्रह गर्‍यो।*

आन्दोलनका कारण पूर्वाञ्चलका विभिन्न भागमा उत्पन्न असहज परिस्थितिको अनुगमन गर्न आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयबाट, नवलपरासी र रुपन्देहीमा आयोगको सम्पर्क कार्यालय बुटवलबाट, दाङ र नेपालगञ्जमा आयोगको मध्यपश्चिमाञ्चल कार्यालयबाट, र धनगढी र महेन्द्रनगरमा भएका गतिविधिहरूको अनुगमन गर्न सुदूरपश्चिमाञ्चल कार्यालयका टोलीहरू खटिएका थिए।

## मानवअधिकार कार्यशाला सम्पन्न

जनकपुर/ मानवअधिकारको अवधारणाबारे स्थानीय क्षेत्रमा जानकारी गराउने उद्देश्यले आयोगको सम्पर्क कार्यालय, धनुषाले सोही जिल्लाको यदुकोहा गाविसमा 'मानवअधिकार सचेतना' विषयक कार्यशाला सम्पन्न गर्‍यो। गत फागुन १३ र १४ गते स्थानीय यदुकोहा माध्यमिक विद्यालयमा आयाजना गरिएको दुई छुट्टाछुट्टै कार्यक्रममा उपस्थित भएका सर्वसाधारण नागरिकलाई सम्पर्क कार्यालयका प्रमुख बुद्ध नारायण साहनी र मानवअधिकार सहायक शेरबहादुर दमाईले सहजीकरण गर्नुभएको थियो। पहिलो दिन स्थानीय सर्वसाधारणलाई र दोस्रो दिन सुरक्षाकर्मीहरूलाई लक्षित गरी सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो। फागुन १३ गते सम्पन्न गरिएको कार्यक्रममा मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, नेपाल पक्ष भएका विभिन्न मानवअधिकारसम्बन्धी प्रावधानहरू, मानवअधिकारमैत्री भाषा, राष्ट्रिय मानवअधिकार आयोगको बारेमा जानकारी, मानवअधिकार, मौलिक हक र कानुनी अधिकारका बारेमा जानकारी, आयोगको अनुसन्धान र अनुगमन पद्धति, अन्य मानवअधिकार संघसंस्थाहरू, मानवअधिकारकर्मीको पहिचान लगायतका विषयमा छलफल भएको थियो। सचेतना कार्यक्रममा स्थानीय युवा, महिला-पुरुष, विद्यालयका शिक्षक-शिक्षिका नागरिक समाजका प्रतिनिधिहरू, विभिन्न राजनीतिक दलका नेता-कार्यकर्ता लगायतको उपस्थिति थियो। सचेतना कार्यक्रमको पछिल्लो चरणमा सहभागीहरूबीच मानवअधिकारका विभिन्न विषयमा सामूहिक छलफल गरिएको थियो। फागुन १४ गते सोही स्थानमा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा नेपाल प्रहरी र सशस्त्र प्रहरीको सहभागिता थियो। सुरक्षाकर्मीहरूलाई मानवअधिकारको आधारभूत मूल्य मान्यताबारे आवश्यक जानकारी गराउनुका साथै सामूहिक छलफल भएको यो कार्यक्रममा ४० सुरक्षाकर्मीहरू सहभागी थिए।

# जुम्लाको मानवअधिकार अवस्था

जुम्ला जिल्लामा मानवअधिकारको अवस्था ज्यादै नाजुक छ, यसको मुख्य कारण गरिबी, अशिक्षा र विकासका पूर्वाधारको अभाव आदि हुन् । चरम गरिबीका कारण जुम्लामा २४ प्रतिशत बालबालिकाहरूलाई अभिभावकले विद्यालय भर्ना गराउने गरेका छैनन । यहाँको साक्षरता दर अत्यन्तै न्यून रहेको छ, खासगरी दलित समुदाय तथा महिलाको । शिक्षा प्राप्तिको अवसर नपाएका यहाँका बालबालिका कुपोषणले ग्रसित छन् । कर्णाली अञ्चलमा मातृ मृत्युदर नेपालमै बढी छ । गरिबी, स्वास्थ्य सेवाको उपलब्धता, चेतनाको अभाव जस्ता कारणले यहाँका महिलाहरू सुत्केरी हुने क्रममा मृत्युको मुखमा पुग्छन् । सुरक्षित सुत्केरीको अभावमा गएको आठ महिनाभित्र आठ महिलाहरूको मृत्यु भएको छ । एक अनौपचारिक अध्ययनमा जनाइएअनुसार नेपालको मातृ मृत्युदर प्रति लाखमा २८१ रहेकोमा जुम्लाको मातृ मृत्युदर ३९१ रहेको छ । यसबाट आमा र शिशुले विशेष हेरचाह पाउनु पर्ने भन्ने मानवअधिकारको प्रावधान उल्लङ्घन भएको छ ।

छुवाछुत तथा जातीय विभेद विरुद्धको हकमा समग्र कर्णाली क्षेत्र नै ज्यादै पछि परेको छ । कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन, यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति पाउने छ भन्ने व्यवस्था नेपालको संविधानमा उल्लेख छ, तर पनि यस क्षेत्रमा जातीय आधारमा छुवाछुत तथा अमानवीय व्यवहार गरिने कार्य व्यापक रूपमा प्रचलित छ । जातीय रूपमा अपमानजनक शब्दहरू प्रयोग गरी मानवीय प्रतिष्ठामा आँच पुऱ्याउने कार्यबाट यहाँको दलित समुदाय पीडित भईरहेको अवस्था छ ।

त्यसैगरी जुम्ला जिल्ला र वरपरका जनजाति र महिलाको मानवअधिकार उपभोगको स्थिति पनि सन्तोषजनक छैन । नीति-निर्माण तहमा जनजाति समुदायको पहुँच कमजोर छ । यहाँका महिला घरेलु हिंसाबाट अत्यन्तै पीडित छन् तर त्यस्ता घटनाहरू विविध कारणले सार्वजनिक हुन सकेको छैनन् । घरेलु हिंसाको कारकका रूपमा रहेको मादक पदार्थ सेवन तथा जुवातासलाई नियन्त्रण गर्न



केही महिना यतादेखि यस जिल्लामा स्वस्फूर्त रूपमा महिला समूहहरु गठन भएका छन् । यी समूहले मादक पदार्थ सेवन गर्ने तथा जुवातास खेल्नेहरूलाई सामाजिक वहिष्कार गर्ने, प्रहरी प्रशासनमा बुझाउने, गलत काम गर्ने माथि आवश्यक दबाब दिने लगायतका काम गर्दै आएका छन् । विवाहका दृष्टिकोणबाट पनि कर्णाली क्षेत्रको मानवअधिकार जोखिममा परेको छ, यहाँ बालविवाह, बहुविवाह, अनमेल विवाह आदि मानवअधिकार विरोधी प्रथा कायमै छन्, जसले महिला हिंसाका घटनाहरू बढाउन कारक तत्वको भूमिका खेलिरहेका छन् । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको चरम उल्लङ्घन भएपनि फागुन महिनामा नागरिक तथा राजनीतिक अधिकार उल्लङ्घनका घटनाहरू प्रकाशमा आएनन् । यस्तै विस्तृत शान्ति सम्झौतामा रहेको मानवअधिकारसम्बन्धी प्रावधानहरूको उल्लङ्घन भएको जानकारी आयोगले प्राप्त गरेको छैन । राजनीतिक दलका युवा भ्रातृसंगठनहरु युथफोर्स, वाईसीएल लगायतबाट हिंसात्मक वा सशस्त्र गतिविधिहरू यस क्षेत्र देखिएको छैन । तर प्रहरी हिरासतमा आरोपित व्यक्तिलाई निर्मम यातना दिने कार्य भने निर्मूल हुन सकेको छैन । संविधानसभाका जनमत सङ्कलन टोलीहरू जुम्ला जिल्लाका ३० ओटै गाविसमा पुगेका छन् । संविधान निर्माणसम्बन्धी प्रश्नावली जटिल भएपनि स्थानीयवासीको उपस्थिति उत्साहजनक थियो ।

***कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन, यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति पाउने छ भन्ने व्यवस्था नेपालको संविधानमा उल्लेख छ, तर पनि यस क्षेत्रमा जातीय आधारमा छुवाछुत तथा अमानवीय व्यवहार गरिने कार्य व्यापक रूपमा प्रचलित छ ।***

# शिक्षाको हक र पाठ्यपुस्तक आपूर्ति बारे छलफल

नेपालगञ्ज/ आयोगको मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयले बालबालिकाको संविधानप्रदत्त शिक्षासम्बन्धी हक सुनिश्चित गर्ने उद्देश्यले जनक शिक्षा सामग्री केन्द्र, क्षेत्रीय मुद्रणालय परियोजना र साझा प्रकाशन, क्षेत्रीय कार्यालयसँग छलफल गरेको छ । कर्णाली अञ्चललगायत मध्यपश्चिम क्षेत्रका दुर्गम जिल्लामा विगत वर्षमा समयमै पाठ्यपुस्तकहरू आपूर्ति हुन नसक्दा संविधानले प्रत्याभूत गरेको शिक्षाको हकबाट बालबालिका वञ्चित भएकाले यो वर्ष समयमै आवश्यक तयारी गर्न सम्बन्धित कार्यालयहरूलाई सचेत गराउने उद्देश्यले आयोगले यो छलफलको आयोजना गरेको हो । गत वर्ष केही जिल्लाहरूमा शैक्षिक सत्र सकिने बेलासम्म पनि विद्यालयका पाठ्यपुस्तक उपलब्ध नभएकाले पुस्तकको माग गर्दै विद्यालयका बालबालिका समेत विरोध प्रदर्शनमा उत्रेका थिए ।

छलफलमा विगतमा पाठ्यपुस्तकको आपूर्ति हुन नसक्नुका कारणहरूलाई विश्लेषण गर्दै आगामी शैक्षिक सत्रका लागि भइरहेको पूर्वतयारी र सम्बन्धित संस्थाका भावी योजनाका बारेमा जानकारी आदानप्रदान भएको थियो । छलफल पश्चात् आयोगको टोलीले साझा प्रकाशन तथा जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको पाठ्यपुस्तक भण्डारण कक्षहरूको अनुगमन समेत गरेको थियो । अनुगमनमा कर्णाली अञ्चलका ५ ओटै जिल्लाहरूलाई आवश्यक पर्ने कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तकहरू सम्बन्धित जिल्लामा पठाइ सकिएको तथा भेरी र राप्ती अञ्चलका जिल्लाहरूका लागि आवश्यक पर्ने पाठ्यपुस्तकमध्ये ७० प्रतिशत मौज्दात रहेको पाइएको छ । छलफलमा आयोगका क्षेत्रीय निर्देशक वेद भट्टराई, जनकशिक्षा सामग्री केन्द्र लिमिटेड, नेपालगञ्जका प्रमुख अर्जुनबहादुर कुँवर, साझा प्रकाशनका क्षेत्रीय प्रमुख विमल अधिकारी लगायतको उपस्थिति थियो ।

# नयाँ संविधानमा ज्येष्ठ नागरिकका सवाल




धरान/ नयाँ संविधानमा ज्येष्ठ नागरिकका सवालहरूलाई मौलिक हकका रूपमा व्यवस्था गरिनु पर्ने माग गर्दै पूर्वाञ्चल स्तरीय ज्येष्ठ नागरिक कार्यशाला धरानमा सम्पन्न भएको छ। फागुन ११ र १२ गते धरानमा सम्पन्न उक्त कार्यशालाको उद्घाटन गर्दै राष्ट्रिय मानवअधिकार आयोगका सदस्य रामनगीना सिंहले ज्येष्ठ नागरिकको अधिकार बिनाको संविधान मानवअधिकारमैत्री हुन नसक्ने भन्दै नयाँ नेपाल निर्माण गर्दा ज्येष्ठ नागरिकहरूले पनि सम्मानपूर्ण जीवनयापन गर्न पाउने व्यवस्था सुनिश्चित गरिनु पर्ने बताउनु भयो। उहाँले राष्ट्रिय मानवअधिकार आयोगले २०६१ सालमै नेपाल सरकारलाई ज्येष्ठ नागरिकका लागि विभिन्न व्यवस्था गर्नका लागि सिफारिस गरिसकेको भएता पनि सरकारले तिनको कार्यान्वयन नगरेकाले आयोगका सिफारिस कार्यान्वयन गर्न सरकारलाई दबाब दिनुपर्ने धारणा राख्नुभयो। कार्यक्रममा आयोगका पूर्व सदस्य तथा ज्येष्ठ नागरिक संस्था सञ्जालका केन्द्रीय सदस्य डा. गौरीशंकर लालदासले ज्येष्ठ नागरिक संस्था सञ्जालले ज्येष्ठ नागरिकका अधिकारका सम्बन्धमा कार्य गरिरहेको जानकारी गराउनु भयो। कार्यक्रममा आयोगका पूर्वाञ्चल क्षेत्रीय निर्देशक सुवर्णकुमार कर्माचार्य, डा. राधाकृष्ण जोशी, सूर्यप्रसाद उपाध्याय, बिएकृष्ण श्रेष्ठ, विष्णु दाहाल, पत्रकार हर्ष सुब्बा, एनजिओसिसि सुनसरीका अध्यक्ष पुष्प भट्टराई लगायतले ज्येष्ठ नागरिकका अधिकारका सम्बन्धमा आ-आफ्नो धारणा राख्नुभएको थियो।

'नयाँ संविधानमा ज्येष्ठ नागरिकका सवाल' विषयक २ दिने कार्यशालाको आयोजना राष्ट्रिय मानवअधिकार आयोग, ज्येष्ठ नागरिक संस्था सञ्जाल नेपाल र ज्येष्ठ नागरिक सरोकार समूह सुनसरीले संयुक्त रूपमा गरेका थिए। पूर्वाञ्चलका विभिन्न जिल्लाबाट ११५ जना सहभागी रहेको उक्त कार्यशालामा आयोगका सदस्य रामनगीना सिंहले 'ज्येष्ठ नागरिकका हकहितको संवैधानिक सुरक्षा' विषयमा, शिक्षाविद् डा. मनोहर जोशीले 'ज्येष्ठ नागरिकका समस्या र समाधान' विषयमा र अधिकारकर्मी मनोहर उप्रेतीले 'ज्येष्ठ नागरिकसम्बन्धी कानुनी व्यवस्था' विषयमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। ती प्रत्येक कार्यपत्रमा सामूहिक छलफल गरी सहभागीहरूले आफ्नो सामूहिक अवधारणा प्रस्तुत गरेका थिए।

**कार्यशालाका सहभागीहरूले ज्येष्ठ नागरिकका अधिकारबारे तयार पारेको सामूहिक अवधारणा**

१. ज्येष्ठ नागरिकको परिभाषा जाति, धर्म, वर्ण, लिङ्ग, समुदाय आदिको आधारमा भनई देशभरि एकै किसिमबाट गरिनुपर्ने।
२. नयाँ संविधानको मौलिक हकमा ज्येष्ठ नागरिकका अधिकार सुनिश्चित गरिनुपर्ने।
३. ६० वर्षको उमेर पुगेका व्यक्तिलाई ज्येष्ठ नागरिक मान्नुपर्ने। सोही बमोजिम वृद्धभत्ता सुनिश्चित गरिनु पर्ने र वृद्धभत्ता रकम वृद्धि गरिनु पर्ने।
४. संसद लगायत सबै खालका निकायहरूमा ज्येष्ठ नागरिकको समानुपातिक प्रतिनिधित्व हुनुपर्ने।
५. परिवारबाट तिरस्कृत भएका र निःसन्तान ज्येष्ठ नागरिकलाई सरकारले सेवासुरक्षा प्रदान गर्ने व्यवस्था हुनुपर्ने। प्रत्येक जिल्लामा कम्तीमा एक वृद्धाश्रमको व्यवस्था हुनुपर्ने।
६. ज्येष्ठ नागरिकको अनुभव, सीप र दक्षतालाई देश विकासका लागि उपयोग गरिनु पर्ने।
७. अल्पसङ्ख्यक, लोपोन्मुख, तेश्रो लिङ्गी, अपाङ्ग, एकल, गरिब ज्येष्ठ नागरिकलाई स्वास्थ्य, शिक्षा तथा यातायातसम्बन्धी व्यवस्था निःशुल्क हुनुपर्ने।
८. ज्येष्ठ नागरिक भन्ने सम्मानजनक र अभिभावकत्व जनाउने शब्द पाठ्यक्रममा समावेश हुनुपर्ने। युवा पुस्ता र ज्येष्ठ नागरिकको पुस्तागत दूरीलाई कम गर्न सचेतना कार्यक्रमहरू सञ्चालन गरिनु पर्ने।
९. स्थानीय तहदेखि केन्द्रसम्म ज्येष्ठ नागरिकको लगत तयार गर्नुपर्ने। ज्येष्ठ नागरिकका सवालहरू हेर्नका लागि समाज कल्याण मन्त्रालय अन्तर्गत छुट्टै विभाग खोलिनुपर्ने।
१०. ज्येष्ठ नागरिकको हित प्रतिकूल हुने नीति-नियम तथा कानुनहरू तुरुन्त खारेज गरिनु पर्ने। ज्येष्ठ नागरिकका लागि सरकारले विशेष सुरक्षा योजना लागू गर्नु पर्ने।
११. ज्येष्ठ नागरिकका नाममा रहेको सम्पत्ति, छोराछोरीले लालनपालन नगरे आफूखुशी प्रयोग गर्न पाउने व्यवस्था हुनु पर्ने।
१२. राष्ट्रिय मानवअधिकार आयोगबाट ज्येष्ठ नागरिकका सम्बन्धमा गरिएका सिफारिसहरू तुरुन्त लागू गरिनु पर्ने।

# राउटे जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाको अनुगमन



नेपालगञ्ज/आयोगको मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयले राउटे जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाको अनुगमन सम्पन्न गरेको छ। लोपोन्मुख राउटे जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अनुगमन गरी प्राप्त तथ्यहरूको आधारमा राउटेहरूको मानवअधिकारको संरक्षणको लागि आयोगमार्फत् नेपाल सरकारलाई सिफारिस गर्नु अनुगमनको मुख्य उद्देश्य थियो। सरकारी निकाय लगायतका सरोकारवाला निकायसँग छलफल, राउटे समुदायका व्यक्तिहरू तथा राउटे जातिका बारेमा जानकार व्यक्तिहरूसँग छलफल र अन्तर्क्रिया तथा राउटे समुदायको बसोबास भएको स्थानको अवलोकन गरी यो अनुगमन प्रतिवेदन तयार पारिएको छ। फागुन ८ देखि १८ गतेसम्म दैलेख र अछाम जिल्लामा गरिएको अनुगमनमा संरक्षण अधिकृत रमेशकुमार थापा र मानवअधिकार सहायक निमराज भट्टराई सम्मिलित हुनुहुन्थ्यो। प्रस्तुत छ, उक्त अनुगमनको सङ्क्षिप्त विवरणः

**क) राउटे समुदायको परिचयः**

जङ्गली र घुमन्ते जातिका रूपमा रहेको राउटे जाति नेपालमा ज्यादै अल्पसङ्ख्यक जनजातिका रूपमा रहेको छ। पश्चिममा सेती नदी र पूर्वमा माडी नदी बिचको क्षेत्रलाई यो जातिको उत्पत्ति थलोका रूपमा लिइन्छ। आफूहरूलाई वनको राजा भन्न मन पराउने राउटे जातिले हालसम्म कृषि र पशुपालन पेसा अपनाएका छैनन्। उनीहरू स्थायी बसोबास गरी खेतीपाती तथा अन्य पेसा गर्नु ईश्वरको आदेश र आफ्नो संस्कृति विपरित हुने बताउँछन्। पुरुषहरूले शिकार गर्ने, भाँडाकुंडा बनाउने तथा खाद्यान्नसँग साट्ने काम गर्दछन् भने महिलाहरू दाउरा भेला गर्ने, कन्दमूल खोज्ने र खाना बनाउने काम गर्दछन्। उनीहरूको घर स्याउला तथा झुत्रा कपडाले बारेको अस्थायी किसिमको हुन्छ। राउटेहरू आफ्नो समूदायमा अलग्गै बस्दै आएकाले बाह्य मानिसलाई आफ्नो बस्तीभित्र छिर्न दिदैनन्। राउटे समुदायका कुनै पनि मानिस अहिलेसम्म विद्यालय गएका छैनन् र कसैलाई जान पनि दिदैनन्। झारफुक र जडीबुटीको भरमा औषधोपचार गर्दै आएका उनीहरूको स्वास्थ्य अवस्था दयनीय छ। खाम्ची भाषा बोल्ने राउटे समुदायका पुरुषहरू सामान्यतः नेपाली बुझ्छन्। एक ठाउँमा बढीमा एक महिना मात्र बस्ने र एक पटक बसेको ठाँउमा १०-१२ बर्षसम्म बस्न नआउने उनीहरूको संस्कार छ।

**ख) अनुगमनबाट प्राप्त तथ्यहरू :**

१. राउटे समुदाय हाल अछाम जिल्ला लहिटी गाविसको तालागार्ड खोला किनारस्थित ओदालतडाको जङ्गल छेउमा बसोबास गरिरहेको,

२. राउटे समूदायका सबै सदस्यहरू एउटै समूहमा एकै ठाउँमा बसोबास गर्ने गरेको र करिब ३५ ओटा थोत्रा कपडा तथा स्याउलाबाट निर्माण गरिएका टहरामा बस्ने गरेको।

३. एउटै ठाउँमा नबसी घुमन्ते रूपमा दैलेख, कालिकोट, अछाम जिल्लाका विभिन्न स्थानमा बस्ने गरेको।

४. जीविकाको मुख्य स्रोत हातेऔजारबाट निर्मित काठका सामग्री छेउछाउका गाउँमा खाद्यान्नसँग साट्ने तथा जङ्गली जनावरहरूको शिकार गर्ने।

५. छाप्रा बनाउने पाल नभएकाले वर्षा र जाडो समयमा जीवन कष्टकर भएको।

६. खाद्यान्न, ओड्ने ओछ्याउने लत्ता कपडा तथा पकाउने भाँडाको अभाव रहेको।

७. उपचार गर्न सरकारी संस्थामा औषधी उपलब्ध नहुने तथा निजी मेडिकलमा उपचार गराउन पैसाको अभाव भएकाले रोग पालेर बस्नु पर्ने बाध्यता रहेको।

८. राउटेहरू जङ्गलमै बस्न चाहेकोले सरकारले उनीहरूलाई घुमन्ते रुपमा बस्न दिने र उनीहरूको परम्परा बमोजिम शिकार खेल्ने र रुख काटी भाँडा बनाउने पेसामा अवरोध नहोस् भन्ने भनाइ

रहेको । साथै उनीहरूलाई स्वतन्त्र रूपमा घुम्न दिई प्रहरी प्रशासन वा सरकारबाट कुनै हस्तक्षेप नगरियोस् भन्ने उनीहरूको माग रहेको ।

९. शिक्षा लिने काम वा बालबालिकालाई विद्यालय पठाउने कार्य आफ्नो परम्परा विपरित भएकाले कसैलाई विद्यालय नपठाउने गरेको ।

१०. विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरू तथा पत्रकारहरू आएर विभिन्न आश्वासन दिने तर कुनै राहत नदिने गर्दा राउटेहरू आक्रोशित भएको ।

११. सरकारले दिने भनेको मासिक १ हजार रुपैयाँ भत्ता आर्थिक बर्षको आठ महिना बित्न लाग्दा पनि वितरण नभएको ।

१२. राउटे महिलाको स्वास्थ्य अवस्था ज्यादै दयनीय र लैङ्गिक विभेद र यौन शोषण हुने गरेको । महिलाहरू बाह्य व्यक्तिको सम्पर्कमा आउनै नपाउने र घरायसी कार्यमा मात्र लगाइने हुँदा उनीहरू बढी पीडित रहेको पाइयो ।

**घ) नेपाल सरकारलाई आयोगका सुझावहरू**

- यो समुदायका प्रायः सबैजनालाई पर्याप्त खाद्यान्न तथा लत्ताकपडाको अभाव देखिएकाले यी सामग्री तत्काले उपलब्ध गराउनु पर्ने देखिन्छ ।
- राउटे समुदायका व्यक्तिहरूको काष्ठ सामग्री निर्माणमा सीप र चाख भएको पाइएकाले उनीहरूको क्षमता अभिवृद्धि गर्न सीपमूलक तालिम दिने तथा उनीहरूले बनाएका काष्ठ सामग्रीहरूलाई बेचविखनका लागि बजारको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- सरकारले स्वास्थ्य उपचारका लागि विशेष कार्यक्रम सञ्चालन गरी खोप तथा अन्य औषधी प्रयोग गर्नेतर्फ उत्प्रेरित गर्ने तथा निःशुल्क स्वास्थोपचारको व्यवस्था गर्नु पर्दछ ।
- राउटेहरूलाई स्थायी बसोबास, शिक्षा आर्जन, नागरिकता ग्रहण लगायतका कुरामा सचेतना कार्यक्रम सञ्चालन गरी विकासको मूलधारतर्फ डोहोर्‍याउनु पर्ने देखिन्छ । यसका लागि प्रारम्भमा राउटे समुदायका लागि मात्रै विशेष सचेतना र साक्षरता कक्षाहरू सञ्चालन गर्नु पर्ने देखिन्छ ।
- राउटे समुदायका महिलाहरू माथि हुने शोषण अन्त्य गर्न तथा उनीहरूको प्रतिष्ठा पुरुषसरह कायम गराउन सचेतना कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।
- सरकारले राउटे समुदायका लागि वितरण गर्ने भनिएको राहत वा जीवनवृत्ति रकम समयमै उपलब्ध गराउनु पर्दछ । साथै वृद्ध, महिला र विधवा भत्तासमेत उपलब्ध गराउनु पर्ने देखिन्छ ।

# बेलायती संसदीय टोली आयोगमा नेपालको मानवअधिकारको अवस्था अझै चुनौतीपूर्ण

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले नेपालमा मानवअधिकारको अवस्था अझै चुनौतीपूर्ण रहेको बताउनु भएको छ । नेपालको मानवअधिकार अवस्था बुझ्न बेलायती संसदीय टोली फागुन ३ गते आयोगमा उपस्थित भएको अवसरमा अध्यक्ष उपाध्यायले आयोगका निर्णयहरू कार्यान्वयन गर्न सरकारले पर्याप्त प्रयास नगरेको जानकारी गराउनु भयो । नेपालमा मानवअधिकार संरक्षण गर्न कानुनको अभाव नभएपनि कार्यान्वयन तहमा इच्छाशक्तिको अभाव रहेको र ढिलो कार्यान्वयन गर्दा मानवअधिकार संरक्षणमा प्रतिकूल प्रभाव पार्ने नेपालको अनुभव रहेको बताउनु भयो । अध्यक्ष उपाध्यायले आयोगले गरेका सिफारिसहरूमध्ये करिब २५ प्रतिशत मात्रै कार्यान्वयन भएको र तीमध्ये कतिपय आंशिक रूपमा मात्रै कार्यान्वयन भएको बताउनु भयो ।

छलफल कार्यक्रममा बोल्दै आयोग आयोग सदस्य गौरी प्रधानले नेपालको अन्तरिम संविधान, २०६३ अनुसार सवैधानिक अङ्गका रूपमा स्थापित भएको र वर्तमान पदाधिकारीहरू संसदीय सुनुवाईको प्रक्रियाबाट नियुक्त भएको जानकारी गराउनु भयो । सदस्य प्रधानले आयोगका सिफारिसहरू कार्यान्वयन गर्न सरकार उदासिन देखिएको र केही महिनाअघि मात्र सरकारले राजनीतिक मुद्दाका नाममा गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनसम्बन्धी अभियोग लागेका व्यक्तिहरूको मुद्दा फिर्ता गरेको बारेमा आयोगले सरकारलाई पटकपटक ध्यानाकर्षण गराएको बताउनु भयो ।

आयोगका सदस्य डा. लीला पाठकले भन्नुभयो, 'मानवअधिकारको दृष्टिकोणबाट नेपालमा राम्रा कानुनको अभाव छैन भन्दा फरक पर्दैन । साथै, नेपाल मानवअधिकारसम्बन्धी विभिन्न २१ ओटा अन्तर्राष्ट्रिय दस्तावेजहरूको पक्षराष्ट्र बनिसकेको छ । तर, नेपालबाट वैदेशिक रोजगारीको प्रलोभनमा एसिया र अन्य मुलुकहरूमा मानव बेचविखन बढ्दै गएको छ । दण्डहीनतालाई अन्त्य गर्न सरकारी तथा राजनीतिक दलहरूको प्रतिबद्धतामा कुनै कमी छैन, तर कार्यान्वयन तहमा यसको प्रभाव ज्यादै न्युन छ ।'




छलफलमा बोल्दै आयोगका सदस्य डा. के.बी. रोकायाले नेपालमा दण्डहीनता संस्थागत बन्दै गएको र यसले समग्र मानवअधिकार अवस्थालाई चुनौती दिएको बताउनु भयो । उहाँले भन्नुभयो, 'नेपालमा अपराधको राजनीतिकरण र राजनीतिमा अपराधीकरण हुने गरेकाले मानवअधिकारको स्थिति बिग्रदै गएको छ । नेपालमा राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको समयावधि सकिएकाले अब आयोगलाई सुदृढ बनाएर नेपालको मानवअधिकार संरक्षण र प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय समुदायले प्राथमिकता दिनुपर्ने बताउनु भयो ।

छलफल कार्यक्रमको प्रारम्भमा बेलायती संसदीय टोलीका प्रमुख जोन स्ट्यान्लीले नेपालमा दण्डहीनताको अवस्था, मानवअधिकार, शान्ति सम्झौता पालनाको स्थिति, नेपालमा मानव बेचबिखन, द्वन्द्वकालमा बेपत्ता भएका व्यक्तिहरूको सम्बन्धमा नेपालको वर्तमान अवस्थाका बारेमा जिज्ञासा राख्नु भएको थियो । टोलीमा बेलायती संसदका पाँच सदस्यहरू सम्मिलित थियो ।

# राष्ट्रिय मानवअधिकार आयोग

## वि.सं. २०६५ फागुन महिनामा परेका उजुरीहरू

| सि.नं | मानवअधिकार उल्लङ्घनको विषय | केन्द्रीय कार्यालय | क्षेत्रीय कार्यालयहरू | | | | सम्पर्क कार्यालयहरू | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ललितपुर | विराटनगर | पोखरा | नेपालगञ्ज | धनगढी | जनकपुर | बुटवल | खोटाङ | जुम्ला | |
| १ | सुरक्षाकर्मीबाट बेपत्ता | २ | | | २ | | यो महिना कुनै उजुरी परेन । | | यो महिना कुनै उजुरी परेन । | यो महिना कुनै उजुरी परेन । | |
| २ | नेकपा (माओवादी) बाट अपहरण/ स्थिति अज्ञात (वाईसीएल समेत) | | | | | | | | | | |
| ३ | अन्य समूहबाट अपहरण/स्थिति अज्ञात | १ | | | | १ | | | | | |
| ४ | सुरक्षाकर्मीबाट हत्या/ हिरासतमा मृत्यु | १ | | | १ | | | ३ | | | |
| ५ | नेकपा (माओवादी) बाट हत्या | | | | | | | | | | |
| ६ | अन्यबाट हत्या | २ | | | | | | | | | |
| ७ | यातना | १ | १ | १ | १ | | | | | | |
| ९ | दुर्व्यवहार | १ | १ | | | १ | | | | | |
| १० | कारागारसम्बन्धी | | | | | | | | | | |
| ११ | सुरक्षाकर्मीबाट विस्थापित | | | | | | | | | | |
| १२ | नेकपा (माओवादी) बाट विस्थापित | १ | | | | | | | | | |
| १३ | नेकपा (माओवादी) द्वारा सम्पति कब्जा वाईसीएल समेत | | | | | | | | | | |
| १४ | सुरक्षाकर्मीद्वारा सम्पति कब्जा | | | | | | | | | | |
| १५ | अन्यबाट सम्पति कब्जा | | | | | | | | | | |
| १६ | क्षतिपूर्ति | | | | | | | | | | |
| १७ | नेकपा (माओबादी, वाईसीएल समेत) बाट धम्की | | | | | | | | | | |
| १८ | सुरक्षाकर्मीबाट धम्की | | १ | | | | | | | | |
| १९ | अन्यबाट धम्की | | | | | | | | | | |
| २० | थुना सम्बन्धी (गैरकानुनी पक्राउ) | | | १ | | | | | | | |
| २१ | नागरिक अधिकार (जीवन रक्षा समेत) | | | | | | | | | | |
| २२ | पुन:गिरफ्तारी | | | | | | | | | | |
| २३ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (जातीय भेद) | ३ | १ | | | | | | | | |
| २४ | सुरक्षाकर्मीबाट घाईते/कुटपिट | | | | | | | | | | |
| २५ | नेकपा (माओवादी, वाईसीएलसमेत) बाट घाईते/कुटपिट | | | | | | | | | | |
| २६ | बम विष्फोटमा घाईते | | | | | | | | | | |
| २७ | बालअधिकार | १ | | | १ | | | | | | |
| २८ | महिलाअधिकार (घरेलु हिंसा समेत) | २ | | १ | | | | | | | |
| ३० | न्याय प्रशासन | ३ | १ | | | | | | | | |
| ३१ | अन्य (शरणार्थी र रोजगारसम्बन्धी) | १ | | | १ | | | | | | |
| | जम्मा | १९ | ५ | ३ | ६ | २ | | ३ | | | ३८ |

# मानवअधिकार उल्लङ्घन सम्बन्धी कुनै पनि घटनाका बारेमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।

उजुरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।

उजुरी कुनै पनि भाषामा लिखित वा मौखिक रुपमा दिन सकिने छ ।

मानवअधिकार उल्लङ्घनकारीलाई कानुनी कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्ने छ ।

## राष्ट्रिय मानवअधिकार आयोग, नेपाल

### केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर, नेपाल
पोस्ट बक्स नं. ९१८२, काठमाडौं
फोन: ०१-५०१००१५, फ्याक्स: ९७७-१-५५४७९७३
इमेल: nhrc@nhrcnepal.org / वेबसाइट: www.nhrcnepal.org

### क्षेत्रीय कार्यालयहरु

**पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर**
वरगाछी, विराटनगर
फोन: ०२१-४६१०९१, ४६१०९३
फ्याक्स: ९७७-२१-४६११००
इमेल: nhrcbrt@nhrcnepal.org

**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा**
जनप्रिय मार्ग, पोखरा
फोन: ०६१-४६२८११, ४६३८२२
फ्याक्स: ९७७-६१-४६५०४२
इमेल: nhrcpkr@nhrcnepal.org

**मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज**
शान्तिनगर, नेपालगञ्ज
फोन: ०८१-५२६७०७, ५२६७०८
फ्याक्स: ९७७-८१-५२६७०६
इमेल: nhrcnpj@nhrcnepal.org

**सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी**
उत्तर बेहडी (रातोपुल), धनगढी
फोन: ०९१-५२५६२१, ५२५६२२
फ्याक्स: ९७७-९१-५२५६२३
इमेल: nhrcdhn@nhrcnepal.org

### सम्पर्क कार्यालयहरु

दिक्तेल, खोटाङ, फोन: ०३६-४२०२८४
बुटवल, रूपन्देही, फोन: ०७१-५४६९११
जनकपुरधाम, धनुषा, फोन: ०४१-५२७२५०
जुम्लाबजार, जुम्ला, फोन: ०८७-५२०२२२

### पत्राचारको लागि

**सम्पादक, मानवअधिकारपत्र, राष्ट्रिय मानवअधिकार आयोग,**
**केन्द्रीय कार्यालय, ललितपुर**
**पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल**
**फोन: ०१-५०१००१५, फ्याक्स: ००९७७-१-५५४७९७३**
**इमेल: manav.adhikarpatra@nhrcnepal.org**

**प्रापक:**

राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित, पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, फोन: ०१-५०१००१५, फ्याक्स: ०१-५५४७९७३, सम्पादक: भानुभक्त आचार्य